# नेपाल गजेट

## भाग ४

नेपाल सरकारद्वारा प्रकाशित

काठमाडौं आश्विन १० गते २०१२ साल

## वनविभागको सूचना

पत्रसंख्या नं. १५।४६५७ ०१२–६–५–६

(१) लकडी, खरयका ठेकदारहरूबाट किस्ताका, साथसाथै सयकडा ५ पाँच का दरले थप भंसार महसुलबापत लिने र दिनुपर्ने कुरा सेल रूल एग्रीमेन्टमा लेखिदिने।

(२) भंसार महसुलबापत सयकडा ५ का दरले दाखिल भएको रुपैयाँ डिभिजन आफिसमा दाखिल भएजति डिभिजनले सदर स्याहामा आम्दानी बाँधी फाँट खुलाई सवालका म्याद भित्रै माल दाखिल गरी साल तमाम भएका ३५ दिनभित्र फाँट वनविभाग अड्डामा पठाउने र वनविभाग अड्डाबाट पनि भंसार महसुलबापतको बैंक दाखिल भएको रुपैयाँको फाँटसमेत मिलाई १५ दिनभित्र वनविभागमा पेश गरी उक्त रुपैयाँ अर्थविभागको स्वीकृतिबमोजिम तोकी दिएका ठाउँमा दाखिल गरिदिने।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(३) ठेकदारले खाने पिउने सामानहरू र कटान, चिरान, ढुवान कामको सामान ग्याबलहरू मोटर ट्रक् र त्यसका पुर्जाहरू र पेट्रोल मोबिल गाडा, गाडा तान्ने गोरु, रांगो, दाना, घाँस, हाम्रो सरकारको लाइसेन्स भएको बन्दूक पिस्तौल र त्यसको खजाना खयर बनाउन हण्डीहरू लाउने लुगा कपडा पाल मटितेल साबुन इत्यादि आफ्ना कामको निमित्त आवश्यकीय बस्तुहरू पूरा ठेकालाई बा महिनालाई यति चाहिन्छ भन्ने ठेकदारले रिपोर्ट दिनुपर्छ। डिभिजनका अफिसरे इनचार्जले मनासिब कुराको सिफारिस गरिदिएपछि सो कुराहरू ठेकदारले बजार महसुल नतिरी ल्याउन पाउने सेल रूल एग्रीमेन्टमा लेखिदिने।

(४) मनाही भएको माल अर्थविभागको विशेष स्वीकृतिबेगर ल्याउन पाउनेछैन भन्ने सेल रूल एग्रीमेन्टमा लेखिदिने।

आज्ञाले—

भवनाथ,

का. मु. सेक्रेटरी- वनविभाग.

मुद्रण विभाग, सिंहदरबार

गोरखापत्र छापाखानामा मुद्रित। मेनेजर प्रेमराज शर्मा.

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।